प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विषयः कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गर्ने सम्बन्धमा भएको निर्णयलाई संशोधन गर्ने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति :- २०७७/०३/०९

१. **विषयको संक्षिप्त व्यहोरा :**

कर्णाली प्रदेशमा कार्यरत कर्मचारी तथा चिकित्सकहरुलाई प्रोत्साहनको रुपमा थप सेवा सुविधा दिन प्रदे सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०९/०८ र २०७६/१२/१० मा भएको निर्णयबाट ह अग्रपंक्तिमा कार्यरत आठौ तहका चिकित्सक वञ्चित भएको व्यहोरा सामाजिक विकास मन्त्रालयबाट ले आएको छ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंङ्गिक कुरा :**

सामाजिक विकास मन्त्रालयको च.न. २२१४ मिति २०७७/०३/०९ को पत्रबाट कर्णाली प्रदेशमा कार्यरत कर्मचारी तथा चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ लाई संशोधन गर्नको लागि अनुरोध भई आएको।

३. **प्रस्ताव पेश गर्नुको कारण र मन्त्रालयको सिफारिश :**

कर्मचारी/चिकित्सकहरुलाई दिने थप प्रोत्साहन सम्बन्धमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को मि २०७६/१२/१० मा भएको निर्णयमा संशोधनको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश ग माननीय विभागीय मन्त्रीबाट मिति २०७७/०३/०९ मा स्वीकृति प्राप्त भएकोले प्रदेश सरकार कार्यसम्पा नियमावली, २०७४ को अनुसूची -१ को विषय संख्या १७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. **निर्णय हुनुपर्ने व्यहोरा :**

कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गरिएकोमा सो को प्रकरण "४" निर्णय हुनु पर्ने व्यहोराको बुँदा न. ५ र ६ मा रहेको "विशेषज्ञ चिकित्सक" भन्ने शब्दहरुको अगाडी "चिकित्सक वा" भन्ने शब्दहरु थप्ने।

मितिः २०७७/०३/०९

घनश्याम उपाध्याय

सचिव

सचिव

श्री सचिव,

आर्थिक मामिला तथा योजना मन्त्रालय,

कर्णाली प्रदेश, सुर्खेत ।

कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गर्ने सम्बन्धमा भएको निर्णयलाई संशोधन गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/८-२०७७/०३/०९ को प्रस्ताव प्र.मं.प.बै.सं. ०७/०७७ मिति २०७७/०३/१० को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु।

<u>प्रदेश सरकारको निर्णय :</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

**बोधार्थः**

श्री सचिव

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

(टेकनारायण पाण्डे)
प्रमुख सचिव
२०७७।०३।१०